उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३

चलानी नं: ६४०

---

## सेवा करारमा पद पूर्तिको लागि दरखास्त आह्वान गरिएको सूचना

(प्रथम पटक सुचना प्रकाशन भएको मिति : २०८२/०७/२७)

ने.स. ११४६ कछलागा. ०९. बिहीबार

उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिकामा रिक्त रहेको तपशिल बमोजिमको पदमा कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८२/०८/११) गते सम्म रितपुर्वक दरखास्त दिन हुन सम्वन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल

| क.सं. | विज्ञापन नं | पद | तह | शैक्षिक योग्यता | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०५, २०८२/२०८३ | रेडियोग्राफर | सहायक पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको । | १ | रू ७०० |
| २ | ०६, २०८२/२०८३ | स्टाफ नर्स | सहायक पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरि गरेको । | १ | रू ७०० |
| ३ | ०७, २०८२/२०८३ | सब इन्जिनियर | सहायक पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | १ | रू ७०० |
| ४ | ०८, २०८२/२०८३ | अ.न.मि. | सहायक चौथो | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. वा सो भन्दा माथीको योग्यता पुरा गरेको । | २ | रू ५०० |

१. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः

(क) व्यक्तिगत विवरण सहितको दरखास्त फाराम (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (घ) सम्वन्धित व्यवसायिक काउन्सिल/परिषद् मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (ङ) समय खुलेको अनुभवको प्रमाणपत्रको प्रतिलिपि (च) नगद जम्मा गरेको भौचर वा नगदी रसिद (पेश गरिने सवै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनु पर्नेछ ।

२. उमेर हदः पुरूषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

३. दरखास्त पेश गर्ने स्थानः गाउँ कार्यपालिकाको कार्यालय प्रिति ।

४. दरखास्त दस्तुर बुझाउने स्थानः उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको Local Revenue Portal बाट वा कार्यालयमा नगद बुझाउन सकिने छ । यस सम्वन्धमा कुनै समस्य भएमा आन्तरिक राजश्व शाखाको सम्पर्क नं ९८६६४३३८४४ मा सम्पर्क गर्न सकिनेछ ।

५. दरखास्त फाराम पाईने स्थानः गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिकाको वेवसाइड www.umakundamun.gov.np बाट Downlod गर्न सकिनेछ ।

६. सेवा सुविधाः नियमानुसार

७. परिक्षाको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक समेत हुनेछ ।

८. परिक्षा सम्वन्धी अन्य जानकारी मंसिर ११ गतेपछि प्रकाशन गरिनेछ ।

९. सूचनामा उल्लेख हुन छुट भएको विषयहरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. दरखास्त स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्वन्धी सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ ।

.....................

धनेन्द्र भुजेल

प्रमुख प्रशासकीय अधिकृत

---